जहाँ छ मेरो जन्मभूमि,त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए,हुर्किएँ यस्तो पावन पवित्र पुण्यभूमिमा नाम हो यसको जलेश्वर ॥– कवि पर्वेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

सबै क्षेत्रको प्रवर्द्धनको गुरू

जि.प्र.का.महोत्तरी.द.नं. ४१/०७०/७१
जि.महोत्तरी.हु.द.नं. ३/०७०/७१

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today Daily

एक कदम अगाडि

विज्ञापनको लागि सम्पर्क
:९८४४०२७९७१
Whats App No:-
९८२४८७७६२७
Gmail:-
jaleshwortoday@gmail.com

वर्ष ९ • अंक ३०० • २०७९ भाद्र ४ गते शनिबार • 20 Aug. 2022 • पृष्ठ ४ • मुल्य रु.५/-

## महोत्तरीको सुगाभवानीपट्टीमा ७४औं वर्षदेखि श्रीकृष्णजन्माष्टमी पर्व हर्षोल्लासको साथ मनाइदैं

जलेश्वरटुडे समाचारदाता
महोत्तरी, ३ भाद्र



महोत्तरी जलेश्वर नगर पालिका अन्तर्गत वडा नं.–४ मा पर्ने सुगा भवानीपट्टीमा ७४ औं वर्षदेखि श्रीकृष्णजन्माष्टमी मनाइदै आएको पुजा समितिको वर्तमान अध्यक्ष रंजित तिवारीले बताएका छन्। महोत्तरी जिल्लाको जलेश्वर लगायत देशभरी नै भगवान श्री कृष्णको जन्मोत्सव धुमधामसँग मनाइदै आएको तर जिल्ला भरीमै शान्तिपूर्ण वातावरणमा भव्यताका साथ ३ दिन यो पर्व मनाइने गरिएको स्थानिय समाजसेवी राकेश रायले बताउनुभयो । मेला मनाउने क्रममा ३ दिन युवा तथा पुरानो नाटककर्मीहरुको सहयोगमा सामाजिक तथा धार्मिक नाटक मंचन गर्ने पराम्परा सदियौंदेखि चलिआएको वहाँले बताउनुभयो । अध्यक्ष तिवारीले मेला हेरी शोभा बढाइदिन आग्रह समेत गरे ।

## जनकपुरधाममा फुटपाथ व्यवसायी र नगर प्रहरी वीच झडप

जलेश्वरटुडे समाचारदाता
धनुषा, ३ भाद्र



जनकपुरधाममा फुटपाथ व्यवसायी र नगरप्रहरीबीच झडप भएको छ । जनकपुरधाम स्थित जानकीचोकमा सडकमा लगाएको ठेला हटाउने विषयमा विवाद हुँदा झडप भएको हो । कृष्णाष्टमी मेलाका लागि पूजा सामग्रीहरू बेच्न सडक छेउमा फुटपाथ व्यापारीले लगाएको ठेला हटाउन नगर प्रहरीले बल प्रयोग गरेको र सोही क्रममा व्यापारी र नगर प्रहरीबीच झडप भएको जानकी चोकका स्थानीयले बताएका छन् । नगरप्रहरीले बल प्रयोग गरेको देख्दा स्थानीय युवाहरू पनि आक्रोशित भएका थिए । सोही क्रममा भनाभन भई झडप भएको थियो । नगरप्रहरीले स्थानीय एक ६ वर्षीय बालकमाथि समेत लाठी प्रहार गरेको बताइएको छ । झडप भएको खबरपछि जिल्ला प्रहरी कार्यालय धनुषाबाट गएको प्रहरी टोलीले जानकी चोकका किशन मण्डल, कन्हैया दास, सुभाष साह, सोनु साहलगायतका ९ जनालाई नियन्त्रणमा लिएको हो । जनकपुरधाम उपमहानगरले फुटपाथ खाली गराएपनि व्यववस्थापन नगरेको भन्दै व्यवसायीहरु आन्दोलनमा छन् ।

## गौशालाबाट काठमाडौं जाँदै गरेको बसबाट लाखौंको कपडा बरामद

जलेश्वरटुडे समाचारदाता
महोत्तरी, ३ भाद्र



महोत्तरीको गौशालाबाट काठमाडौं जाँदै गरेको बसबाट भन्सार छलेर ल्यएको लाखौंको समान बरामद भएको छ। सशस्त्र प्रहरीले सर्लाहीको हरिवनबाट १० लाख रुपैयाँ बराबरको अवैध कपडा बरामद गरेको छ । प्रदेश.३-०१-००६ ख ०७४४ नम्वरको यात्रुबाहक बसबाट भन्सार छलेर ल्याइएको कपडा बरामद भएको हो । बिहीबार साँझ ८ बजेतिर पूर्व-पश्चिम राजमार्गस्थित हरिवन नगरपालिका-११, बासाटोल चोकमा बस रोकेर चेकजाँच गर्दा बिलबिजक नभएको १० लाख रुपैयाँ बराबरको कपडा बरामद गरेको सर्लाहीका सशस्त्र प्रहरी उपरीक्षक भरत खनियाँले जानकारी दिए। प्रहरीले दुई हजार पाँच सय थान टि-सर्ट बरामद गरेको छ । आवश्यक प्रक्रिया पूरा गरी कपडा भन्सार कार्यालयमा बुझाइएको सशस्त्र प्रहरीले जनाएको छ ।

## अवैध रूपमा बालुवा,गिट्टी उत्खन्न गर्ने ६ सवारी साधन नियन्त्रण

जलेश्वरटुडे समाचारदाता
धनुषा, ३ भाद्र



धनुषा प्रहरीले अवैध रूपमा बालुवा, गिट्टी उत्खन्न गर्ने ६ वटा सवारी साधनहरू नियन्त्रणमा लिएको छ। प्रहरी चौकी चिसापानी धनुषाबाट खटेको टोलीले विशेष सुचनाको अधारमा जिल्लाको गणेशमानचारनाथ नगरपालिका-५ कमला खोलाबाट ति सवारी साधनहरू नियन्त्रणमा लिएको हो । मापदण्ड विपरित अवैध रूपमा बालुवा, गिट्टी उत्खन्न गरिरहेको अवस्थामा ज.१ त. ८५०५, स.१ त. ७६३७, प्रदेश २-०२-००१ त. १५३६, प्रदेश २-०२-००३ त. ४४४१, प्रदेश २-०३-००१ त. १३५६ र प्रदेश २-०१-००१ त. ०४६४ नम्बरको ट्याक्टरहरू नियन्त्रणमा लिइएको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ । नियन्त्रणमा लिइएका सवारी साधनहरूलाई आवश्यक कारवाहीका लागि गणेशमानचारनाथ नगरपालिकाको कार्यालयमा पठाई जनही ५ हजारका दरले जम्मा ३० हजार रुपैया जरिवाना तिराएर छाडिएको प्रहरीले जनाएको छ ।









## बाथरुम र नयां विचार

यदि तपाईं नुहाएर बाथरुमबाट निस्किँदै गर्दा तथा घरको कुकुर लाई डुलाएर फर्किंदै गर्दा तपाईंलाई कुनै नयाँ आइडिया फुर्यो वा आफूले भोगिरहेको समस्याको समाधानको सूत्र फेला पर्यो भने त्यो कुनै काकताली होइन। यस्तो आइडिया आउनु तपाईंको गहन विचार विमर्शको परिणाम हो। शोधकर्ताहरुले १५ वर्षसम्म गरेको एक अध्ययन अनुसार हामीले दैननदिन गरिरहने तथा खासै दिमागी कसरत तथा सोचविचारको आवश्यकता नपर्ने विभिन्न क्रियाकलाप गरिरहेको बेला हामीमा सिर्जनात्मक ब्रेकथ्रु हुने सम्भावना अत्यधिक हुन्छ। बाथरुममा नुहाउने, मर्निङवाक गर्ने जस्ता नियमित कार्यहरुमा हाम्रो मस्तिष्क एक प्रकारले अटो पाइलट मोडमा हुन्छ। त्यसैले त्यस्तो बेला दिमागले आफ्नो असाधारण स्मरण क्षमतालाई उपयोग गरी विभिन्न सिर्जनात्मक आइडियाहरु फुराउने वा लामो समयदेखि जकडिएको समस्याको समाधान खोज्ने फुर्सद पाउने शोधकर्ताहरुको भनाइ छ। भ्यानकुभरस्थित ब्रिटिस कोलम्बिया विश्वविद्यालयकी स्नायु वैज्ञानिक समेत रहेकी शोधकर्ता कालिना क्रिस्टोफका अनुसार मानिसहरु प्राय: अनपेक्षित समयमा आफूलाई कुनै रोचक तथा नौलो आइडिया प्राप्त भएको भनेर अचम्ममा परिरहेका हुन्छन्, जबकि त्यस्तो विचार वा आइडिया कडा मेहेनतबाट मात्र हासिल गर्न सकिन्छ भन्ने आम मान्यता हुन्छ। आखिर हामीले गर्ने सबैभन्दा निस्क्रिय कार्यहरुका बेला उन्नत विचारहरु मस्तिष्कमा पैदा हुन्छन् त ? आखिर त्यसबेला दिमागमा के त्यस्तो घटना हुन्छ ? शोधकर्ताका अनुसार यसको कारकतत्व भनेको मस्तिष्कको क्रियाकलापको ढाँचा हो जसलाई 'डिफल्ट मोड नेटवर्क' (डिएमएन) भनिन्छ। मानिसले आराम गरिरहेको वा धेरै सोचविचार र सतर्कता आवश्यक नपर्ने आफ्ना दैनिक क्रियाकलापहरु ग्रिरहेको बेला दिमागमा उक्त क्रिया हुन्छ।शोधकर्ताहरुका अनुसार मस्तिष्कका एक दर्जन भन्दा धेरै ठाउँहरुलाई जोड्ने डिफल्ट मोड नेटवर्क (डिएमएन) बढी ध्यान दिनुपर्ने कामका बेला भन्दा मस्तिष्कको स्वच्छन्दता वा निस्क्रिय सनातनी कामका बेला बढी सक्रिय हुन्छ। सक्रिय रुपमा कुनै काममा व्यस्त नभएको बेलामा उत्पन्न हुने दिमागी अवस्था नै डिफल्ट मोड नेटवर्क हो। शोधकर्ताका अनुसार डिफल्ट मोड नेटवर्कले सिर्जनात्मक प्रक्रियामा मुख्य भूमिका खेलिरहेको बेलामा महत्वपूर्ण नेटवर्कले मात्र नभई परिवर्तनकारी, अस्विकारजन्य तथा कार्यान्वयनजन्य विभिन्न विचार का नेटवर्कहरुले पनि भूमिका खेलिरहेका हुन्छन्। त्यसैले बाथरुममा फुर्ने आइडियामा अन्धो भएर पूरै भर चाहिँ पर्न नमिल्ने शोधकर्ताको भनाइ छ। वाशिंटन युनिभर्सिटी स्कुल अफ मेडिसिनका न्युरोलोजिष्ट मार्कस राइचल र उनको टिमले सन् २००१ मा मस्तिष्कको डिफल्ट मोड नेटवर्क पत्ता लगाएका थिए। उनीहरुले कुनै गहन काममा व्यस्त मानिसका मस्तिष्कको पोजिट्रोन इमिसन टोमोग्राफीको तस्वीरलाई आराम गरिरहेको वा कुनै हल्काफुल्का निस्क्रिय प्रकारको नियमित काम गरिरहेको मानिसको मस्तिष्कको तस्वीरसँग तुलना गरे। त्यसक्रममा निस्क्रिय खालका काम गरि रहेको वा आराम गरिरहेको मानिसको दिमागका निश्चित भागहरु गहन काम गरिरहेको मानिसमा भन्दा बढी सक्रिय भएको पाइयो। मस्तिष्कको उक्त अवस्थालाई उनीहरुले डिफल्ट मोड नेटवर्क नामाकरण गरेका थिए। मस्तिष्कको यो अवस्था विगतका घटनाहरुको सम्झना गरिरहेको वा आत्मसमीक्षाकारी विचार विमर्शमा व्यस्त रहेको बेलामा पनि सक्रिय भएको पाइयो।


## रामगोपालपुर नगरपालिकाको अपिल




रामगोपालपुर नगरपालिकाको कार्यालय,महोत्तरी


### तपाईको टुडे

मेष: हानी हुने

वृष: कार्य सिद्धि

मिथुन: लाभ प्राप्ति

कर्कट: आफन्तबाट धोका

सिंह: चिन्ता बढने

कन्या: काम बन्ने

तुला: धन लाभ

वृश्चिक: पिडा बढने

धनु: मिष्ठान्न भोजन

मकर: यात्राको योग

कूम्भ: व्यापारमा लाभ

मीन: सम्बन्ध सुध्रिने


### मधेस प्रदेशको गौरव

**श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।**



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

**श्री देवअंशी लहेरी समाज,जनकपुरधाम–४,धनुषा**


## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| घरआँगन नेपाल जलेश्वर एम्बुलेन्स – | ९८४४३२७१००/९८१०३७८७६५ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

**आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७**

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर | 525342 |

### जलेश्वरनाथ मन्दिर पुजाआजा

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| विहान पुजा आरती | : ०५:३० बजे |
| विहान ढोका बन्द | :१२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | :०४:०० बजे |
| सन्ध्या पूजा आरती साँझ | :०६:३० बजे |
| राति ढोका बन्द हुने समय | : १२ बजे |

(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

### जानकी मन्दिर पुजाआजा

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| विहान पुजा आरती | : ०७:३० बजे |
| विहान ढोका बन्द | :१२:०० बजे |
| अन्न क्षेत्र | : नि:शुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | :०४:०० बजे |
| सन्ध्या पूजा आरती साँझ | :०७:३० बजे |

# युनाइटेडसँगको सम्झौता नजिक क्यासेमिरो

**जलेश्वरटुडे समाचारदाता**
**काठमाडौं, ३ भाद्र**



रियल मड्रिडका मिडफिल्डर क्यासेमिरो प्रिमियर लिग क्लब म्यान्चेस्टर युनाइटेडसँगको सम्झौता नजिक पुगेका छन् । युनाइटेडले उनलाई ५० दशमलव ७ मिलियन युरो र ८ दशमलव ५ मिलियन युरो थप गर्ने भएपछि सहमति भएको हो । क्यासेमिरो सन् २०१३ मा रियल मड्रिड आएका थिए । ३० वर्षीय ब्राजिलियन मिडफिल्डरले तीन ला लिगा र पाँच च्याम्पियन्स लिग जितेका जितेका छन् । क्यासेमिरोले रियल मड्रिडबाट २२१ लिग खेल खेलेर २४ गोल गरेका छन् । उनी सन् २०१४-१५ को सिजन पोर्टोमा लोनमा गएका थिए । ब्राजिलका लागि क्यासेमिरोले ६३ खेल खेलेर ५ गोल गरेका छन् । पछिल्लो सयम प्रिमिर लिगका दुई खेलमा कमजोर प्रदर्शन गरेको युनाइटेडले क्यासेमिरोलाई भित्राउन लागेको हो ।

# अमलेखगञ्जमा पेट्रोल भण्डारण गृह निर्माण सुरु

**जलेश्वरटुडे समाचारदाता**
**काठमाडौं, ३ भाद्र**

विहारको मोतिहारीदेखि अमलेखगञ्जसम्म पाइपलाइनबाट पेट्रोल आयात गर्ने दोस्रो चरणको परियोजनाअन्तर्गत पूर्वाधार निर्माण कार्य तीव्र गतिमा भइरहेको छ । दोस्रो चरणको कार्यअन्तर्गत आइओसीको प्राविधिक सहयोगमा अमलेखगञ्ज डिपोको हाताभित्र पेट्रोल भण्डारण गृह (ट्याङ्क) निर्माण सुरु भएको हो । मोतिहारीबाट पाइपलाइनमार्फत डिजेल आयात गर्ने पहिलो चरणको परियोजना सम्पन्न भएपछि पाइपलाइनबाट पेट्रोल आयात गर्न दोस्रो चरणको कार्य सुरु भएको नेपाल आयल निगमको अमलेशगञ्ज डिपोले जनाएको छ । मोतिहारीदेखि अमलेशगञ्ज ७६ किमीको दूरी रहेको छ ।

नेपाल र भारतबीच भएको सम्झौताअनुसार दोस्रो चरणको कार्य इन्डियन आयल कर्पोरेशन ( आइओसी)ले गर्ने बताइएको छ ।



उक्त पूर्वाधार निर्माण गर्न रु एक अर्ब ३० करोड लागत लाग्ने अनुमान रहेको डिपोका प्रमुख प्रदीप यादवले जानकारी दिए ।

# अक्षयकुमार अभिनित ‘कटपुतली’ को टिजर रिलिज

**जलेश्वरटुडे समाचारदाता**
**काठमाडौं, ३ भाद्र**



बलिउड अभिनेता अक्षयकुमार अहिले फिल्म ‘रक्षा बन्धन’ को बक्स अफिस खराब प्रदर्शनका कारण चर्चामा छन् । यो वर्ष बक्स अफिसमा फ्लप भएको ‘रक्षा बन्धन’ उनको तेस्रो फिल्म हो । यस्तैमा उनको नयाँ फिल्म ‘कटपुतली’ को टिजर सार्वजनिक भएको छ । कृष्ण जन्माष्टमीको अवसर पारेर टिजर सार्वजनिक गरिएको हो । सामाजिक सञ्जालमा टिजर सेयर गर्दै अक्षयकुमारले लेखेका छन्, ‘यो खेलका पावरको होइन, मनको हो । यो दिमागको खेलमा, तपाईं र म ... सबै कठपुतली हौं ।’ टिजरमा अक्षय कुमारका धेरै तस्बिरहरु देखाइएको छ, जसमा उनी प्रहरीको भूमिकामा देखिएका छन् । क्राइम थ्रिलर बिषयमा बनेको फिल्म रञ्जित एम तिवारीले निर्देशन गरेका हुन् । फिल्मलाई ज्याकी भगनानी र दिपशिखा देखमुखको पारिवारिक ब्यानर पूजा इन्टरटेनमेन्टले निर्माण गरेको हो ।


रोजगार बनौं ! ADMISSION OPEN रोजगार बनौं !

जनकपुर अञ्चल भरीमै लगातार उत्कृष्ट रुपमा रिजल्ट ल्याउन सफल

एक मात्र सु–प्रसिद्ध तालिम केन्द्र

शंकर टेक्निकल

- Civil Sub-Overseer ( शिभिल सब–ओभरसियर)–१८ महिने ।
- Pre-Diploma in Civil Engineering–१८ महिने ।
- Electrical Sub-Overseer ( विद्युत सव–ओभसियर)–१८ महिने ।
- Pre-Diploma in Electrical Engineering–१८ महिने ।
- Survey Engineering–(अमिन)–१८ महिने ।
- Pre-Diploma in Survey Engineering–१८ महिने ।

कोर्षहरुमा S.L.C./SEE मा E ग्रेड सम्मका विद्यार्थीहरु नयाँ भर्नाका लागि आजै सम्पर्क गरेर आ–आफ्नो सिट सुरक्षित राखि मौकाको फाइदा उठाउनुहोस् ।

फाराम भर्ने अन्तिम मिति : २०७९ भदौ ९ गतेसम्म

प्रवेश परीक्षा : २०७९ भदौ १६ विहान ८ बजे

स्मरण रहोस्

यहाँ Electrical Engineering,Civil Engineering,नापी अधिकृत,सर्वेक्षक तथा अनुभवी तालिम प्राप्त शिक्षक/शिक्षिकाहरुद्वारा तालिम दिने व्यवस्था गरिएको छ । धन्यवाद !

सम्पर्क स्थान

शंकर टेक्निकल ट्रेनिङ्ग सेन्टर

जिरोमाइल(कबरगाह देखि दक्षिणपट्टि जाने बाटोमा) जनकपुरधाम–७


☎ ०४१–४२१३६२,मो.९८१२०९१४६४,९८५४०२०५६४,९८४४०३८३६७






फतुहा विजयपुर नगरपालिकाको कार्यालय,रौतहट






राजदेवी नगरपालिकाको कार्यालय,रौतहट



कामनी व्यूटी पार्लर



यहाँ व्यूटी पार्लर सम्बन्धी सम्पूर्ण काम गरिनुको साथै व्यूटी पार्लर ,मेहँदी,डिजाइनर मेहँदी सम्बन्धी तालिम समेत दिइन्छ । यहाँ आधुनिक किसिमले दुल्हन सजाउने काम समेत गरिन्छ ।

सम्पर्क : साह मिनी मार्केटको सामुने,जलेश्वर,महोत्तरी

# वर्तमान सन्दर्भमा जन्माष्टमीको अर्थ

**–सुनिता गाइसी**

आज कृष्ण जन्माष्टमी । हिन्दु धर्ममा भगवान् श्रीकृष्णको विशेष महत्त्व छ। श्याम वर्णका अत्यन्तै प्रभावशाली व्यक्तित्वका धनी श्रीकृष्ण बाँसुरी बजाएर सारा जगत मन्त्रमुग्ध पार्दथे । उनको मुस्कानमा हर्ष, मनको सौन्दर्य र सौम्यको अद्भुत सङ्गम पाइन्छ। कालो, घुम्रिएको कपालमा मयूरको प्वाँख सजिएको हुन्छ । यो आकर्षक व्यक्तिले सारा जगतलाई मोहनी लगाएको छ। श्रीकृष्णलाई गोविन्द, कान्हा, कन्हैया, मुरली मनोहर, श्यामसुन्दर, मखनचोर इत्यादि विभिन्न नामले पुकारिन्छ । कृष्णको नाम कृष अर्थात् कर्षण शब्दबाट बनेको छ । खनजोत गरी बाली लगाउने कामलाई कर्षण भनिन्छ। नेपाल कृषि प्रधान देशको प्रतीक कृष्णलाई मानिन्छ । कृष्ण गाईपालक किसानसँग सम्बन्धित रहेको कुरा पनि शास्त्रहरूमा उल्लेख गरिएको पाइन्छ ।



नेपालमा पहिलो पल्ट शासन गर्नेहरू गोपाल वंशका थिए भन्ने इतिहासमा पाइन्छ । नेपाल उपत्यकाको विकासको सन्दर्भ हेर्दा पनि कृष्णले नै उपत्यकाको पानी सुदर्शन चक्रले काटी चोभारको गल्छीबाट बाहिर पठाएर बस्ती बस्न योग्य भएको बताइन्छ। उनका साथमा आएका ग्वालाहरूले शासन गर्न थाले भन्ने इतिहासमा चर्चा गरिएको छ । यसरी नेपालको इतिहासमा कृष्णलाई विशेष महत्त्वका साथ लिइन्छ। कृषि, अर्थव्यवस्था वेद, पुराण, साहित्य सबैमा सर्वाधिक चर्चित विलक्षण र बहुरङ्गी व्यक्तित्वका रूपमा भगवानसरी पुजिन्छ ।विशेषगरी भाद्र कृष्णपक्षको अष्टमी तिथिलाई कृष्ण जन्माष्टमीका रूपमा भव्यताका साथ मनाइने गरिन्छ। यसै दिन देशभरका विभिन्न कृष्ण मन्दिरमा भक्तजनको भीड लाग्ने गर्दछ । विशेषगरी यस दिन पाटनको कृष्ण मन्दिरमा विशेष मेला लाग्ने गर्छ । यसै दिन छिमेकी मुलुक भारतको मथुरा, वृन्दावन, द्वारिका आदि क्षेत्रमा विशेष मेला लाग्छ ।

श्रीकृष्ण नृत्य, गीत, भजनमा मात्र सीमित छैनन्, उनी एक कुशल राजनीतिज्ञ पनि मानिन्छन् । हस्तिनापुर र कुरुक्षेत्रमा कौरव र पाण्डवहरूको बीचमा सन्धि गराउन खोज्ने शान्तिदूत श्रीकृष्णको कथनलाई दुर्योधनले नमानेपछि नै महाभारतको युद्ध भएको थियो । श्रीकृष्णले युद्ध अगावै अर्जुनमा उत्पन्न मोहलाई अन्त्य गरी युद्धमा सामेल गराएका थिए । आफ्नै दाजुभाइ बीचको युद्धमा हार र जित एकै हो भन्ने अर्जुनको धारणालाई श्रीकृष्णले परिवर्तन गरी दिएका थिए। श्रीकृष्ण आफू जगत पुरुष भए पनि अर्जुनको मनोबल बढाउन एक सामान्य सारथिका रूपमा रण मैदानमा देखा परेका थिए। उनका अनुसार काम ठूलो सानो कहिल्यै हुँदैन । सबै काम समान र उत्तिकै महत्त्व बोकेका हुन्छन् भन्ने भाव पनि यसैबाट झल्किन्छ । श्रीकृष्णका अनुसार धर्मको रक्षार्थ मानिसले परिस्थिति हेरेर जुनसुकै कदम पनि उठाउन पनि तयार हुनुपर्दछ भनी अर्जुनलाई उपदेश दिएका थिए । यो प्रसङ्गलाई वर्तमान सन्दर्भमा हेर्दा यो विकराल परिस्थितिमा एकातिर कोभिड १९ ले जनता त्रसित छन् भने अर्कोतिर बाढी पहिरो प्राकृतिक प्रकोपले जनता घरबारविहीन भइरहेका छन् । यस्तो विषम परिस्थितिमा शासक वर्गले सामान्य जनताको गाँस, बासको जिम्मेवारी लिनुपर्ने हो तर बाघको छालामा स्यालको रजाइँ भनेजस्तो गरी जनताको पीर, मर्का एकातिर सत्ताधारीहरू आफ्नै तालमा नाचिरहेका देखिन्छ श्रीकृष्णको जन्मको सन्दर्भलाई केलाउँदा कंश वधको प्रसङ्ग पनि जोडिएर आउँछ । अत्याचारी र क्रूर कंशको पञ्जाबाट सोझासीधा जनतालाई जोगाउने काम पनि श्रीकृष्णले गरेका छन्। कंशको बध गरेपछि मथुराको राजगद्दीमा उग्रसेनलाई राखी राजा बनाए । यसरी सत्ता र शक्तिको मोह पनि श्रीकृष्णमा नरहेको प्रमाणित हुन्छ । श्रीकृष्णलाई विभिन्न उपनामले चर्चा गरिन्छ।


त्यसमध्ये पनि मखनचोर पनि एक हो। कृष्णले दूध, दही, मखन चोरेर खाइदिने र आफ्ना साथीहरूलाई पनि खुवाउने कार्य गर्दथे। यो सब उनले अत्याचारी कंशकामा दही, दूध मखन नपुगोस् भनी यसो गरेका थिए। श्रीकृष्णको चर्चा गर्दा राधाको नाम पनि जोडिएर आउने गर्दछ। वास्तवमै संसार प्रेम, माया मोहले चलेको छ । जहाँ जहाँ कृष्ण पुजिन्छन्, त्यहाँ राधा पनि सँगै पुजिँदै आएकी छन् । कृष्णको प्रेममय लीलाको चर्चा गर्दा गोपिनीहरूसँगको लीलाको पनि चर्चा गरिएको छ ।श्रीकृष्ण सांसारिक गृहस्थीका परमभोगी मात्र हैनन् त्यागी, साधु, संयमित व्यक्तित्व पनि हुन्। उनले सामाजिक, धार्मिक र सांस्कृतिक पक्षहरूको पनि राम्रो विश्लेषण गरेका छन्। उनले गरिब, दुःखी र निरीह प्राणीको उद्धार गर्ने कार्य पनि गरेका छन्। चाहे सुदामाको कनिका होस् या दीनहीन दलित मानव जाति सेवा वा निरीह पशु जातिको सेवा। जुनसुकै अवस्थामा पनि उनले सेवा भावले सबै प्राणीको हित र उन्नतीका बारेमा विभिन्न कार्य गरेका छन् । श्रीकृष्णलाई अति चञ्चल मानिन्छ तर कृष्ण उतिकै धैर्यवान् पनि मानिन्छ । उनले गोपिनीहरूसँग प्रेमका गीत मात्र गाएका छैनन्, गरिब गोठालाहरूसँग पनि बाँसुरी बजाएका छन् । उनले दीनहीनको रक्षार्थ गोवर्धन पर्वत पनि उठाए। हरेक समय गरिब, दुःखीहरूका बारेमा सेवारत रहेका श्रीकृष्णको महिमाबाट आजका शासक वर्गले सिक्नु जरुरी देखिन्छ । साधारण जनता मृत्यु शय्यामा रहँदा पनि आफ्नो स्वार्थका बारेमा मात्र हरदम लाग्ने शासक वर्गले अबेला हुनु अगावै बिउँझनु जरुरी छ ।

गीता गायक कृष्णले प्रत्येक व्यक्तिलाई आफ्नो व्यक्तित्वको विकास आफैँले गर्नुपर्ने कुरा सिकाएका छन् भने विश्वलाई समताको पाठ पनि पढाएका छन् । जब जब संसारमा पापीहरु बढ्छन् तब तब तिनीहरूको नाश गरी जनताको रक्षा गर्न भगवान् कृष्णको जन्म हुने कुरा गीतामा उल्लेख छ ।

मानिस जति नै आधुनिक भएको देखाए पनि आफ्नो धर्म, संस्कृति र संस्कारलाई आत्मसात गरिरहेको हुन्छ किनकि हाम्रा धर्म संस्कृतिले जीवन जिउने कला बोकेको छ। हरके चाडपर्व जात्राले हामीमा एक ऊर्जा थप्ने कार्य गरेको हुन्छ ।

यसले गर्दा हाम्रा हरेक पर्व, जात्राहरू विशेष रहेका हुन्छन् । आजको यो कृष्ण जन्माष्टमीले पनि हरेको मनमा सकारात्मक सोचको विकास गराओस् । साथै आफू पनि बाँचौं र अरूलाई पनि बचाउ भन्ने भावनाको विकास होस् ।

साभार : रातोपाटी


धनुषाधाम नगरपालिकाको कार्यालय,धनुषा




राजपुर नगरपालिकाको कार्यालय,धनुषा


प्रकाशक /सम्पादक : पवन कुमार साह, मुद्रक : जय दुर्गा अफसेट प्रिंटर्स जनकपुरधाम , प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि
सम्पर्क कार्यालय : जनकपुरधाम–४(मुरलीचौक),विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday